# नगर सभाको सत्रौं अधिवेशनका प्रस्तावहरु

प्रस्ताव नं १ : मेलम्ची नगरपालिका वडा नं. २ को वडा केन्द्रको नाम हाल भोटेचौर रहेकोले उक्त नाम संशोधन गरी जैशीगाउँ कायम गर्न प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. २ : स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा नगर कार्यपालिकाबाट सिफारिस भएका निर्णयहरुको अनुमोदन र आ.व. २०८१/०८२ को अनुसूची-३ मा उल्लिखित राजस्व तथा अनुदान प्राप्तीको संशोधित अनुमान स्वीकृत गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ३ : नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ४ : मिति २०८१ साल श्रावण १ गते देखि मिति २०८१ माघ २७ गतेसम्मका विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ५ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकम, कार्यपालिकाको निर्णय अनुसार समपुरक म्याचिङ्ग फण्ड, विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकमको श्रोत सुननिश्चित गरी अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं ६ : मिति २०८१ श्रावण १ गते देखि मिति २०८१ माघ २७ गतेसम्म नगर कार्यपालिका वैठकको निर्णयबाट गरिएको अनुसूची- ४ मा उल्लिखित योजनाहरुको संशोधन एवं आ.व. २०८०/०८१ बाट अ.ल्या.गरिएका योजनाहरुको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं ७ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका एवं लेखा समितिबाट सिफारिस भई आएका अनुसूची-५ मा उल्लिखित बेरुजुहरु नियमितको लागि सिफारिस गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं ८ : संघीय सरकार, प्रदेश सरकार लगायत अन्य निकायहरुबाट यस नगरपालिका अन्तर्गत कार्यान्वयन हुने योजनाहरुमा बजेट मागका लागि गरिने सिफारिस, नगर सभाबाट विनियोजन गरिएका विभिन्न योजनाहरुको संशोधन एवं रकमान्तर, योजनाहरुमा थप स्रोत सुनिश्चतता एवं बहुवर्षिय ठेक्का कार्यान्वयनका लागि आवश्यक निर्णय गर्न नगर प्रुमख र कार्यपालिकामा अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पेश गर्दछु ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रस्ताव नं. ९ : मेलम्ची नगरपालिकाको खर्चलाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाई खर्चमा एकरुपता ल्याउनको लागि मेलम्ची नगरपालिकाको सार्वजनिक खर्चको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १० : आ.व. २०८१/०८२ को १६ औं नगर सभाबाट स्वीकृत अनुसूची-७ मा उल्लिखित बजेट तथा कार्यक्रम संशोधन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ११ : लेखा समितिको सदस्य मनोनयन गर्ने सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १२ : मेलम्ची नगरपालिका भित्र रहेका सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, सरकारी एवं अन्य सामुदायिक भवनहरु, विभिन्न पसल एवं व्यवसायहरुको हालसममको अद्यावधिक विवरणको जानकारी सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १३ : मेलम्ची नगर कार्यपालिका र विषयगत शाखामा कार्यरत कर्मचारीहरुको प्रोत्साहन रकम सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०८१/१०/२८

## नगर सभाको सत्रौं अधिवेशनका निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/१०/२३ गतेको बैठकको निर्णयबाट नेपालको संघीय संरचना पश्चात मेलम्ची नगरपालिका २ नं. वडा कार्यालय रहेको वडा केन्द्रको नाम जैशीगाउँ हुनुपर्नेमा भोटेचौर कायम भएकोमा उक्त भोटेचौरको नाम संशोधन गरी जैशीगाउँ कायम गर्न आवश्यक निर्णयका लागि सिफारिस भई आएको हुँदा उक्त वडाको केन्द्रको नाम जैशीगाउँ कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा नगर कार्यपालिकाबाट सिफारिस भएका निर्णयहरुको अनुमोदन र आ.व. २०८१/०८२ को अनुसूची-३ मा उल्लिखित राजस्व तथा अनुदान प्राप्तीको संशोधित अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मिति २०८१ साल श्रावण १ गते देखि मिति २०८१ माघ २७ गतेसम्मका विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकम कार्यपालिकाको निर्णय अनुसार समपुरक म्याचिङ्ग फण्ड, विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा नगरपालिकाबाट विनियोजन गरिएको थप रकमको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : मिति २०८१ श्रावण १ गते देखि मिति २०८१ माघ २७ गतेसम्म नगर कार्यपालिका बैठकको निर्णयबाट गरिएको अनुसूची- ४ मा उल्लिखित योजनाहरुको संशोधन एवं आ.व. २०८०/०८१ बाट अ.ल्या.गरिएका योजनाहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका एवं लेखा समितिबाट सिफारिस भई आएका अनुसूची -५ मा उल्लिखित बेरुजुहरु नियमित गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८ : संघीय सरकार, प्रदेश सरकार लगायत अन्य निकायहरुबाट यस नगरपालिका अन्तर्गत कार्यान्वयन हुने योजनाहरुमा बजेट मागका लागि गरिने सिफारिस, नगर सभाबाट विनियोजन गरिएका विभिन्न योजनाहरुको संशोधन एवं रकमान्तर, योजनाहरुमा थप स्रोत सुनिश्चतता एवं बहुवर्षिय ठेक्का कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने नगर प्रुमख र कार्यपालिकामा अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : मेलम्ची नगरपालिकाको खर्चलाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाई खर्चमा एकरुपता ल्याउनको लागि मेलम्ची नगरपालिकाको सार्वजनिक खर्चको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १० : संघीय एवं प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने विभिन्न अनुदान र मेलम्ची नगरपालिकाको आन्तरिक राजस्व संकलनमा समेत कमी भएको कारण आ.व. २०८१/०८२ को १६ औं नगर सभाबाट विनियोजन भई हालसम्म सम्झौता नभएका एवं चालु तथा पूँजीगत खर्च र नगरपालिकाका विभिन्न शाखा तर्फ विनियोजन भएका अनुसूचीमा उल्लिखित योजनाहरु हाल कार्यान्वयन नगर्ने र वडा समितिको निर्णयानुसार प्राथमिकीकरण गरी आ.व. २०८२/०८३ मा कार्यान्वयनका लागि सुनिश्चित गर्ने गरी आ.व. २०८१/०८२ को आय व्यय र बजेट तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका अन्तर्गत लेखा समितिका सदस्य एवं वडा सदस्य शान्ति अर्याल हाल बैदेशिक रोजगारीमा रहेको कारण लेखा समितिको एक सदस्य पद रिक्त भई लेखा समितिको काम कारवाहीलाई व्यवस्थित ढंगबाट सम्पादन गर्न कठिनाई भएकोले लेखा समितिमा हाल रिक्त सदस्य पदमा मनोनयन गर्न कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो।

निर्णय नं. १२ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ड) को (४) मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका भित्र रहेका सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, सरकारी एवं अन्य सामुदायिक भवनहरु, विभिन्न पसल एवं व्यवसायहरुको हालसममको अद्यावधिक विवरण नगर सभाको १७ औं अधिवेशनमा जानकारी गराइयो।

निर्णय नं. १३ : मेलम्ची नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत विषयगत शाखामा कार्यरत प्राविधिक एवं प्रशासनिक कर्मचारीहरुमध्ये प्राविधिक (ईन्जिनियरिङ्ग) तर्फ र कार्यालयका सवारी चालकहरुलाई शुरु तलब स्केलको ३५ प्रतिशत र अन्य प्रशासनिक कर्मचारीहरुलाई शुरु तलब स्केलको २५ प्रतिशतले दरले हुन आउने प्रोत्साहन रकम विगत आ.व. देखि प्रदान गरिंदै आएकोमा विगत आ.व. मा प्रदान गरिएको प्रोत्साहन रकमको अनुमोदन गर्ने निर्णय गरियो। साथै, चालु आ.व. २०८१/०८२ देखि माथि उल्लिखित विषय क्षेत्रका कर्मचारीहरुलाई सोही बमोजिम हुने गरी प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो।